कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, हुम्ला

प.सं:- ०८२/०८३
च.नं.:-

## सुचिकृत/ कार्यक्रम माग पेशको निवेदन आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०९/०८)

कृषि विकास कार्यालय, हुम्लाको आ.व. २०८२/०८३ को वार्षीक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रम संचालन गर्नु पर्ने भएकाले यस कार्यालयमा सुचिकृतको लागि सम्बन्धित क्षेत्रका ईच्छुक कृषक, कृषक समुह, सहकारी संस्था, व्यवसायीक फर्म/कम्पनी/उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मिति २०८२/०९/२८) भित्र तोकिएको ढाँचामा निवेदन पेस गर्न हुन आह्वान गरिन्छ। यस सम्बन्धी थप जानकारीका लागि सूचना र प्रस्ताव फारम कार्यालयको Website: www.adohumla.gov.np मा हेर्न वा डाउनलोड गर्न वा कार्यालयको टेलिफोन नं ०८७-६८००११ वा ९८५८३९१६४० मा सम्पर्क गर्न सकिनेछ ।

तपसिल:

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | स्वीकृत बजेट रु. | अनुदान | संचालन हुने कृयाकलापहरु | न्युनतम मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | | | | | | | | |
| १ | युवा लक्षित कार्यक्रम ( रिटेर्नी रिटेन, भुकम्प प्रभावित एवंम बेरोजगार) | पटक | १ | २० लाख | अधिकतम ५०% | तरकारी तथा मसला वाली, च्याउ, मौरी पालन र पुष्प खेति गर्न युवाहरुलाई उत्प्रेरित गर्ने | • उमेर २५ वर्ष देखि ५० वर्ष सम्म भएको<br>• विदेशबाट फर्किएर कृषि पेशामा आवद्ध भएको<br>• सम्बन्धित विषयमा तालिम प्राप्त गरेको<br>• विगतदेखि कृषि कर्म गरिरहेको | |
| २ | लागत सहभागीतामा कृषि व्यवसाय कार्यक्रम (दुई हेक्टरमा) | पटक | १ | ३८ लाख | अधिकतम ५०% | • तरकारी, खाद्यान्न, दलहन, तेलहन,किट विकास, पुष्प,मसलाबाली लगायत अन्य बालीहरुको व्यावसायिक खेति | • बाली प्रवर्द्धनका लागि उपयुक्त स्थान र लागत सहभागिता गर्ने निकायको सिफारिस हुनुपर्ने<br>• २ हेक्टरका लागि ४ लाख र थप प्रति रोपनी १० हजारका दरले अधिकतम १० लाख प्रति कार्यक्रम<br>• युवा, विदेशबाट फर्किएका, प्राविधिक ज्ञान सिप भएको, बेरोजगार, व्यवसायिक कृषि गरिरहेका र एकै कलस्टरमा ठुलो क्षेत्रफल र संख्यामा व्यवसाय गर्ने कृषक/समुहलाई पहिलो प्राथमिकता दिईनेछ | |

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, हुम्ला

प.सं:- ०८२/०८३
च.नं.:-

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. प्रांगारिक कृषि प्रवर्द्धन, रैथाने-बाली तथा पशुपन्छी विकास कार्यक्रम | | | | | | | | |
| १ | प्राङ्गारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपंक्षि विकास कार्यक्रम | पटक | १ | १२ लाख | लागत अनुमानको अधिकतम ५०% | ▪रैथाने बालीहरु जस्तै चिनो,कागुनो,फापर लगायत अन्य बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण प्रवर्दन कार्यक्रम<br>▪उत्पादन प्रवर्द्धन तथा उत्पादित वस्तुको बजारीकरण, विविधीकरण र मूल्य अभिवृद्धि | ✓ कृषि उपज उत्पादन तथा बिक्रि गर्ने कृषि सहकारी तथा बिक्रेता र प्राविधिक दृष्टिकोणले उपयुक्त र कार्यविधि अनुसार हुने | |
| ३. स्याउ तथा ओखर विकास कार्यक्रम | | | | | | | | |
| १ | स्याउ तथा ओखर विकास कार्यक्रम | पटक | १ | १ करोड १० लाख | लागत अनुमानको अधिकतम ५०% | ▪ व्यक्तिगत वा सामुहिक रुपमा एकै भूगोल/ठाउँमा चक्लाबन्दी वा कलस्टरमा बगैचा स्थापना तथा विकास | ✓ तिन वर्षको विस्तृत व्यावसायिक कार्ययोजना<br>✓ कम्तिमा स्याउको १००० बिरुवा र ओखरको ५०० बिरुवाको बगैचा स्थापना गर्नुपर्ने<br>✓ बगैचा स्थापनाको लागि कम्तिमा हावापानीको प्राविधिक हिसाबले उपयुक्त र सिँचाईको श्रोत सुनिश्चित हुनुपर्नेछ | |

## आवश्यक कागजातहरु

१. रु. १० को हुलाक टिकट टाँस सहित सूचीकृत सम्बन्धी अनुसूची-४ अनुसारको निवेदन र प्रतिवद्धता पत्र,
२. समूह सहकारीको हकमा निर्णयको प्रतिलिपि
३. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि (आवश्यकता अनुसार),
४. सहकारीको हकमा गत आर्थिक वर्षको संस्थाको लेखापरीक्षण भएको प्रतिवेदन प्रतिलिपि
५. गत आर्थिक वर्ष सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण,
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि,
७. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
८. अन्य आवश्यक कागजात (अति आवश्यक मात्र)।
९. अनुदानग्राहीले सुचिकृत निवेदन पेश गर्दा रु. १ लाख देखि ५ लाख सम्म अनुदान माग गर्दा रु. १००/- (एक सय मात्र) र सो भन्दा माथि अनुदान माग गरेमा रु. ५००/- (पाँच सय) तपसिलमा उल्लेखित बैंकमा बुझाई जम्मा गरेको भौचर निवेदन साथ यस कार्यालयमा पेश गर्नु पर्ने छ
तपसिल:

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, हुम्ला

प.सं:- ०८२/०८३
च.नं.:-

बैंकको नामः राष्ट्रिय वाणिज्य बैंक, कार्यालयको नामः कृषि विकास कार्यालय, हुम्ला, कार्यालय कोडः ३१२०१६४०३६ र राजस्व शिर्षक नंः १४२२९

पुनाश्चः अन्य कागजात तथा प्रकृया कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि बमोजिम हुनेछ ।



"व्यवसायिक र सिर्जनशिल प्रशासनः विकास, समृद्धि र सुशासन"

टेलिफोन नंः ०८७-६८००११/९८५८३९१६४०; Website: adohumla.gov.np; ईमेल: adohumla1@gmail.com